# रैनादेवी छहरा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

छहरा, पाल्पा

च.नं.

प.स. ~~२०७६~~/२०७७/२०७८

.५ नं. प्रदेश,नेपाल

Website:www.rainadevichhaharamun.gov.np
Email: rainadevichhaharamun@gmail.com
Phone no. 075691025,075692343

मिति:२०७७०४।१३

सार्वजनिक सुचना

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाईरस COVID19 को कारण करीव ४ महिना लामो लकडाउन पछि नेपालमा लकडाउन खुल्ला गरिएको छ । यस गाउँपालिकामा पनि ५९३ जनाको PCR Test गरेका मध्ये ३९ जनामा कोरोना भाईरस संकमित देखिएको थियो । हाल यस गाउँपालिका भित्र कोरोना भाईरस संग मिल्दोजुल्दो चिन्ह तथा लक्षणहरु भएको बिरामीहरु नदेखिएपनि नेपाल भित्रकौ विभिन्न स्थानहरुमा समुदाय स्तरमा कोरोना भाईरस फैलिन सक्ने जोखिम बढेको छ।तसर्थ यस गाउँपालिका भित्र विदेशबाट आएका नागरिकहरु सुरक्षित रुपमा आफनै घरमा बस्नको लागी हामीले आग्रह गरेका छौ । अनिवार्य १४ दिन सम्म घरमै बसेपछि कुनै चिन्ह लक्षण नदेखिएको खण्डमा मात्र अन्य घरका परिवार तथा समाजमा घुलमिल हुन अनुरोध गर्दछौ । साथै सबै नागरिकहरु भिडभाड हुने स्थानमा नजान, यदि जानै परे सामाजिक दूरी कायम गर्ने, मास्क लगाउने, साबुन पानीले मिचिमिचि हात धुने तथा गाउँपालिका भित्र कुनै व्यक्तिलाई कोरोना भाईरस सँग मिल्ने चिन्ह र लक्षणहरु देखा परेमा सम्बन्धित स्वास्थ्य चौकी तथा गाउँपालिकाको स्वास्थ्य शाखामा जानकारी गराउनहुन अनुरोध गर्दछौ ।

२०७७/४/१३
जनस्वास्थ्य निरिक्षक (छैठौ)

२०७७/०४/१३